**कार्यपालिकाको निर्णयहरु :**

१. यस नगरपालिकाबाट सम्पादन हुने योजना आयोजनाहरुको लगत इष्टिमेट ड्रइङ डिजाईन २०७५ मंसिर १५ गतेभित्र सम्पन्न गरी नगरपालिकाका कार्यक्रम तथा योजनाहरु समयमै सम्पन्न गर्ने कार्यमा सिघ्रता ल्याउन नगर कार्यपालिकाकालाई निर्देश गर्ने निर्णय गरियो ।

२. यस सिद्धिचरण नगरपालिकाको नाममा रहेको आ.व. ०७१।०७२ देखि यस आ.व. ०७४।०७५ सम्मको वेरुजु आवश्यक प्रमाण जुटाई फछ्र्यौट गर्न र यस नगरपालिकाकालाई शून्य वेरुजु नगरपालिकाको अवधारण बमोजिमको काम गर्न नगर कार्यपालिकालाई निर्देश गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकाको नाममा महालेखा परिक्षकको कार्यालयबाट आ.व. ०७४।०७५ को आर्थिक कारोवारको लेखा परिक्षण गरी सो को प्रतिवेदन प्राप्त भएको जानकारी प्राप्त भयो । उक्त प्रतिवेदनमा उल्लेखित मुख्य मुख्य वेरुजुको सन्दर्भमा छलफल भई प्राप्त वेरुजुहरु फछ्र्यौट गर्न सम्बन्धित शाखालाई निर्देश गर्ने र आगामि आ.व.मा शून्य वेरुजु हुने गरी नियमसंगत ढंगले काम गर्न निर्देश गर्ने निर्णय गरियो ।

४. जिल्ला प्रशासन कार्यालय, ओखलढुंगाको च.नं. ४६४, मिति २०७५।०६।१५ को पत्रबाट यस नगरपालिका क्षेत्रमा चल्ने यातायातका साधनहरुको भाडा दर सामायोजन भई आएको सन्दर्भमा उक्त भाडा दर सबै वडा कार्यालयमा पठाउने र सो को कार्यान्वय गर्न नगरपालिकाले सहयोग गर्ने निर्णय गरियो ।

५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४२, मिति २०७५।०६।२२ को लागु औषध निषेध तथा मदिरा नियन्त्रण सम्बन्धी क्रियाकलाप कार्यान्वयन सम्बन्धी व्यवस्था यस नगरपालिका तथा वडा कार्यालयहरुबाट कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

६. यस नगरपालिकाको वडा नं. ११ स्थित गैरीगाउँ स्वास्थ्य चौकीको भवन मर्मत संभार गर्न आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

७. यस नगरपालिकाको सोलु दुधकुण्ड नगरपालिकासँग जोडिएको नगर गेट सोलु दुधकुण्ड नगरपालिकाबाट सिमा विवाद भएकोले हाललाई काम रोकिदिन भनि लेखि आएको सन्दर्भमा काम स्थगीत भएकामा यस कामलाई सूचारु गरी नगर गेट निर्माण गर्ने सम्बन्धमा आवश्यक छलफल गरी निकास निकाल्ने निर्णय गरियो ।

८. यस नगरपालिकाको लागि सडकबोर्ड नेपालबाट यस आ.व.मा प्राप्त रू.३०,००,०००।- लाख रकम निम्न सडकहरुमा खर्च गर्ने निर्णय गरियो ।

- नाल्सु-मैनटार सडक सि.न.पा. १, ओखलढुंगा ।
- बेतिनी-आम्जानी सडक सि.न.पा. १०, ओखलढुंगा ।
- रुम्जाटार-चार्खु सडक सि.न.पा. ४, ओखलढुंगा ।
- सिमलडाँडा मिनि बसपार्क-सोब्रु अस्पताल जाने सडक सि.न.पा. १२, ओखलढुंगा ।
- मिलनचोक-भदौरे सडक सि.न.पा. ११, ३ र २, ओखलढुंगा ।
- तिनकुने-बेथुखर्क सडक सि.न.पा. ९,ओखलढुंगा ।

९. यस नगरपालिकाको नगर सभाबाट पारित **"गरीबलाई टिनको छाना"** कार्यक्रम कार्यान्वय गर्न प्रत्येक वडाबाट जम्मा ६ घर परिवार छनौट गरी पठाउन वडा कार्यालयहरुलाइ लेखि पठाउने निर्णय गरियो ।

१०. नेपाल सरकार तथा यस नगरपालिकाले तोकेको सडक अधिकारक्षेत्र र भवन निर्माण सम्बन्धी मापदण्ड मिची भवन, टहरा र छाप्रो निर्माण गर्नु कानून विपरित हुने हुँदा त्यसरी बनाइएका संरचनाहरुमा विद्युत तथा खानेपानी जडानका लागि यस नगरपालिका र मातहतका वडा कार्यालयहरुबाट सिफारिस नदिने निर्णय गरियो। साथै भवन निर्माण सम्बन्धी मापदण्ड लागु हुनुअघि निर्माण भैसकेको भवनको अभिलेखिकरण भने गरिदिने निर्णय गरियो ।

११. यस नगरपालिकाको वडा नं. ११ को वडा कार्यालय जिल्ला पशुसेवा कार्यालयमा बस्दै आएको, हाल उक्त भवन पशुसेवा अस्पतालको रुपमा सञ्चालन गर्ने भनि कार्यालय स्थापना भएको र वडा कार्यालयको लागि अन्यत्र त्यस प्रकारको भवन नभेटिएकोले पायक पर्ने ठाउँमा उचित भाडा दरमा भवन तथा कोठा भाडा लिने निर्णय गरियो ।

१२. जिल्ला आयोजना कार्यान्वय इकाई, अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार, ओखलढुंगाका प्रमुखबाट भूकम्प प्रभावित सडक, खानेपानी, सिंचाई र वायो-इन्जिनियरिङ्गमा रु.१५,००,०००।- सम्मको निर्माण कार्य गर्न सकिने भन्ने जानकारी प्राप्त भएको सन्दर्भमा उक्त रकम प्राथमिकताको आधारमा यस नगरपालिकाको वडा नं.८ को तिलखोरिया, वडा नं. ५ को रयाले र वडा नं. ७ को पोक्तिङ्गमा पहिरो नियन्त्रण गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।

१३. गत आ.व.२०७४।०७५ मा काम शुरु भई यस आ.व.२०७५।०७६ मा काम सम्पन्न भएको रुम्जाटार पशु बद्यशालाको कार्यसम्पन्न मूल्याङ्कन गरी यस आ.व.को वजेटबाट नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

१४. कालिका फोहोरमैला व्यवस्थापन तथा प्रशोधन सेवा प्रा.लि. खोटाङले मिति २०७५।०४।२१ मा यस नगरपालिकाको फोहोर व्यवस्थापन गर्न इच्छा प्रकट गरी प्रस्ताव पेश गरेको सन्दर्भमा आशयपत्र माग गरी त्रिपक्षीय सहमति र सम्झौता गरी नगरको फोहोरमैला व्यवस्थापन गर्न प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

१५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ९०, मिति २०७५।०५।१२ को पत्रबाट भारतीय अनुदान सहायता अन्तर्गत सञ्चालन हुने साना विकास परियोजनाहरुको माग सम्बन्धमा लागत साझेदारीको आधारमा योजना छनौट भएका विकास परियोजनाहरुलाई कार्यान्वयनको लागि माग गरी पठाउने निर्णय गरियो ।